# पाठ - 13
# नबी ﷺ को हुल्या

# الدرس الثالث عشر - نيبالي
# صفات النبي ﷺ الخلقية

रसूल ﷺ मध्ये कदको थिए, नत धेरै लामो थिए, न धेरै सानो, दुवै काँधा बीच निकै दुरी थियो, सबै अँगहरु सोहाँउदो र उपयुक्त थियो, चौलो छाति थियो, सबभन्दा अधिक सुन्दर अनुहार, रातो मिलाइएको सेतो रँग, गोल अनुहार, सुर्मा लगाइएका दुवै आँखा, पातलो नाक, सुन्दर मुख, र घना दाढि थियो, सुगन्धमा राम्रो र छुनमा मोलायम थियो, उहाँको बारेमा हजरत अनस बिन मालिक ﷺ ले भन्नु हुन्छ कि «रसुल ﷺ को सुगन्ध भन्दा अधिक सुगन्धित अत्तर वा कसतुर मैले सुँघेको छैन, र रसूल ﷺ को हात भन्दा अधिक मोलायम कुनै हात छुएको छैन» ।

हाँसमुख हुनु हुन्थ्यो, सँधै हाँस्ने गर्थे, र थारै कुरा गर्थे, हजरत अनस बिन मालिक ﷺ ले भन्नु हुन्छ कि «रसूल ﷺ सबभन्दा अधिक सुन्दर, सबभन्दा ठुलो दाता, र सबभन्दा अधिक बहादुर हुनु हुन्थ्यो»

**रसूल ﷺ को चरित्र** : रसूल ﷺ सबभन्दा धेरै बहादुर हुनुहुन्थ्यो, हजरत अली बिन अबुतालिब ﷺ ले भन्नु भएको छ कि «यदि कुनै कठिन् प्रस्तिथी हुन्थ्यो, र भिडन्त भइहाल्थ्यो भने यस्तो अवस्थामा हामी रसूल ﷺ को सहारा लिन्थ्यौं» रसूल ﷺ सबभन्दा ठुलो दाता हुनु हुन्थे, उहाँ सित जसले पनि जे सुकै माँग्नु भयो उहाँले «छैन» भन्नु भएनन्, र सबभन्दा अधिक बुद्धिमान थिए कहिले पनि आफ्नो लागि बदला लिनु भएनन, नत कहिले आफ्नो लागि क्रोधित हुनु भयो, तर यदि कसैले अल्लाहको सिमा पार गर्थ्यो भने अल्लाहको लागि बदला लिनु हुन्थ्यो, साथै हकको मामलामा आफ्नो नातेदार र साधारण व्यक्ति, बलियो र कमजोर सबै उहाँको दृष्टिमा एक सम्मान हुनु हुन्थ्यो, उहाँले यस कुरा माथि जोर दिनु भएको छ कि अल्लाहको नजिक कसैलाई कसै माथि प्रधान्ता छैन तर मात्र तकवा अर्थात अल्लाहको डरका कारण, र मानिसहरु सबै बराबर हुनु हुन्छ, पछिलो समुदायहरु मात्र यस कारण बरबाद भए कि उनीहरुमा यदि कुनै श्रेष्ठ वंशको व्यक्तिले चोरि गर्थ्यो भने त्यसलाई छोडी दिन्थे, र यदि कुनै कमजोर अवस्थाको व्यक्तिले चोरि गर्थ्यो भने त्यसलाई सजाय दिन्थे, उहाँले भन्नु भयो «अल्लाहको कसम, यदि मेरो छोरि फातिमाले पनि चोरि गर्छिन् भने म त्यसको हात काट्ने छु» ।

उहाँले कहिले कुनै खानालाई खराब भन्नु भएनन, इच्छा हुन्थ्यो भने खान्थे नत छोडदिन्थे, कहिले एक महिना र कहिले दुइ महिना सम्म उहाँको चुल्होमा आगो बरदैनन् थियो, उनीहरुको खाना खजुर र पानी हुन्थ्यो, भुखका कारण उहाँले आफ्नो पेटमा एउटा वा दुइवटा ढुँगा बाँधने गर्दथे, आफ्नो जुतालाई आफै सिल्नु हुन्थ्यो, लुगामा टालो लगाउँथे, र घरको कामकाजमा आफ्नो परिवारलाई सहायता पुर्याउँथे, रोगीलाई भेँटन जान्थे, धेरै दिनहीन र बिनीत हुनु हुन्थे, धनी वा गरिब, ठुलो वा सानो, जसले पनि उहाँलाई निमन्त्रण दिन्थ्यो भने त्यसको निमन्त्रण स्वीकार गर्नु हुन्थ्यो, गरिबहरु सँग माया गर्थे, उनीहरुको अन्तिम कृयाकर्ममा भाग लिन्थे, उनीहरुको रोगीलाई भेँटन जान्थे, गरिबीका कारण नत कुनै गरिब सित घृना गर्थे, नत राज्य सत्ताका कारण कुनै राजा सित डराउँथे, र सवारि मध्ये घोडा, ऊँट, गधा, र खच्चरको सवारि गर्थे ।

धेरै चिन्ता र समस्या भएको पनि उहाँ सबभन्दा अधिक मुस्कुराउँने गर्नु हुन्थ्यो, उहाँको रँग सबभन्दा सुन्दर थियो, उहाँलाई सुगन्ध मन् पर्दथ्यो, र गन्धलाई घृना गर्थे, अल्लाहले उहाँ भित्र सबै प्रकारको महान चरित्र र उच्च सबभाव सँगठित गरेको थियो, अल्लाह तआलाले उहाँलाई यस्तो ज्ञान दिएको थियो जुन् अरु कसैलाई दिनु भएको थिएन नत अरु कसैलाई दिनेछ , यसका बावजूद उहाँ अनपढ् हुनु हुन्थ्यो, लेखन पढ्न आउँदै न थियो, र नत कोहि उहाँको शिक्षक थियो, उहाँले यो कुरआन अल्लाहको तर्फबाट पाउनु भयो, र यस बारे अल्लाह तआलाले भन्नु भएको छः

قُلْ لَئِنِ اجْتَمَعَتِ الإِنْسُ وَالْجِنُّ عَلَى أَنْ يَأْتُوا بِمِثْلِ هَذَا القُرْآنِ لَا يَأْتُونَ بِمِثْلِهِ وَلَوْ كَانَ بَعْضُهُمْ لِبَعْضٍ ظَهِيرًا

भनि दिनुस ! यदि सबै मानिसहरु र सबै जिन्नहरु मिलेर यस कुरआन जस्तो ल्याउन चाहे पनि यस कुरआन जस्तो ल्याउन सम्भव छैन, तिनीहरु एक अर्काको मद्दतगार किन नबनोस ।

जसले रसूल ﷺ लाई झुटो भन्दछ र यो भन्छ कि उहाँले कुरआन आफै लेख्नु भएको छ वा कसै सँग सिक्नु भएको छ वा पहिलाको किताबहरुमा पढनु भएको छ भने यस्ता हरेक कुराको जवाफ यसमा छ कि उहाँ त अनपढ् हुनु हुन्थ्यो ।